# सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

स्वीकृत मितिः २०८१।०६।०८

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल
२०८१

# सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

प्रस्तावनाः सामुदायिक विद्यालयमा अध्ययनरत स्वआर्जन गरी अध्ययन गर्न इच्छुक तथा गरिबीको कारणबाट आय आर्जन गरी पढ्नु पर्ने अवस्थामा रहेका विद्यार्थीहरुमा उद्यमशीलता, श्रमप्रतिको सम्मान, स्वावलम्वन, काम गर्ने संस्कृति र व्यावसायकि सिप तथा सोच विकास गरी आत्मनिर्भर बनाउन र पाठ्यक्रममा आधारित गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै पढाइलाई निरन्तरता दिन साधारण र प्राविधिक धारका विद्यालय मार्फत **सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम**लाई सरल, सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) बमोजिम सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले साधारण वा प्राविधिक धार सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयमा कार्यक्रम प्रवर्द्धन मार्फत उद्यमशीलता विकासका लागि प्रदेश सरकारद्वारा सञ्चालित सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम लागु भएका सामुदायिक माध्यमिक विद्यालयमा कार्यक्रम सञ्चालनका लागि दफा ९ बमोजिम स्थापित चक्रीय कोषलाई सम्झनु पर्दछ ।

(ग) "कोष सञ्चालक समिति" भन्नाले दफा ९ बमोजिमको चक्रीय कोष सञ्चालन गर्ने उद्देश्यले गठन भएको दफा १० बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय बागमती प्रदेशलाई संझनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(च) "विद्यालय" भन्नाले सम्बन्धित निकायबाट साधारण वा प्राविधिक धार सञ्चालन गर्न अनुमति पाएका बागमती प्रदेश भित्रका सामुदायिक माध्यामिक विद्यालय तथा प्राविधिक शिक्षा तथा



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

व्यावसायिक तालिम परिषद् बाट अनुमति लिई प्राविधिक शिक्षा सञ्चालन भएका (TECS) सामुदायिक माध्यमिक विद्यालयलाई समेत सम्झनु पर्दछ ।

(छ) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सिप, अनुभव र दक्षता भएको व्यक्ति सम्झनु पर्दछ ।

३. उद्देश्य: (१) कार्यक्रमको प्रमुख उद्देश्य शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी भविष्यमा उद्यमशील, व्यावसायिक, सिपयुक्त एवम् स्वावलम्बी नागरिक बन्न सहयोग पुऱ्याउनु ।

(२) कार्यक्रमका अन्य उद्देश्यहरु देहाय बमवजिम रहेका छन्:-

(क) स्वआर्जन गरी अध्ययन गर्न इच्छुक विद्यार्थीलाई विद्यालयमा अध्ययनको अतिरिक्त आयमूलक कार्य गरी पढ्न पाउने वातावरण तयार गर्नु

(ख) पाठ्यक्रममा आधारित हुनेगरी सिकाइसँगै वस्तु तथा सेवाको उत्पादनमा विद्यार्थीहरुलाई संलग्न गराई श्रमप्रति सचेतना बढाई अभिप्रेरित गर्ने, स्वरोगार र उद्यमशील हुन प्रोत्साहित गर्ने

(ग) विद्यार्थीबाट उत्पादन भएका खाद्यान्न, तरकारी, फलफूल, लगायतका वस्तुलाई विद्यालयमा दिवा खाजाका रुपमा उपयोग गर्न तथा स्थानीय बजारमा बिक्री वितरणको उपयुक्त वातावरण तयार गर्नु

(घ) शैक्षिक संस्थालाई कार्यक्रम गर्ने सिकाई स्थलको रुपमा विकास गर्नु,

(ङ) विद्यार्थीबाट उत्पादित/सिर्जित हस्तकलाका सामग्री (handicrafts) लाई स्थानीय बजारमा बिक्री वितरण गर्न सहजीकरण गर्नु,

(च) विद्यार्थीलाई नमूना व्यावसायीका फर्म/उद्योगमा गई सिप सिक्न प्रोत्साहन गर्नु ।

## परिच्छेद-२

## विद्यालय छनोट, सम्झौता, अनुदान निकासा र कोष परिचालन

४. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने: (१) कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनोटका लागि सामाजिक विकास कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा १५ दिनको म्याद दिई प्रस्ताव पेस गर्न सूचना प्रकाशन गर्नेछ । उक्त सूचना निर्देशनालयको वेवसाइटमा समेत राखिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि यस प्रदेश भित्र सञ्चालनमा रहेका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुले अनुसूची -१ बमोजिमको ढाँचामा आवेदन फाराम भरी स्थानीय तहको सिफारिस सहित तोकिएको म्याद भित्र प्रस्ताव पेश गर्नु पर्नेछ ।



बद्रीनाथ गौडे
प्रदेश सचिव

(३) उपदफा २ बमोजिम प्रस्ताव पेस गर्ने विद्यालयहरुले देहाय बमोजिमको आधारहरु पूरा गरेको हुनु पर्नेछः-

(क) कार्यक्रम सञ्चालनका लागि प्रचलित कानून बमोजिम निर्धारित विद्यार्थी संख्याको कम्तीमा ८० प्रतिशत विद्यार्थी भर्ना पूरा भएको

(ख) सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न प्रतिवद्धता पत्र उपलब्ध गराएको,

(ग) प्रस्तावित कार्यक्रमको लागि आवश्यक पर्ने अनुसूची -१ बमोजिमको जग्गा तथा अन्य पूर्वाधार भएको,

(घ) प्राविधिक विषय पढाइ भइरहेको विद्यालयले सोही क्षेत्रमा नै र साधारण धार सञ्चालन भएका विद्यालयहरुले स्थानीय हावापानी र भूगोल अनुरुप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव पेश गरेको,

(ङ) कृषि र पशु विज्ञान विषयको कार्यक्रम सञ्चालन गर्ने विद्यालयले उक्त प्रयोजनका लागि कम्तीमा ३ रोपनी जग्गा भएको प्रमाण पेस गर्नु पर्नेछ । विद्यालयले आफ्नो नाममा जग्गा भए जग्गा धनी पुर्जा र जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्ष जग्गा उपलब्ध गराउने गरी भएको करार सम्झौता,

(च) विद्यालयले व्यावसायिक योजना बनाई विद्यार्थीको व्यावसायिक क्लब वा व्यावसायिक सिकाइ समूह गठन गरेको,

(छ) कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता भएको,

(ज) दफा ११ मा उल्लिखित कार्यक्रमका क्षेत्रमध्ये कुनै एक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेस गरेको

(झ) प्रदेश सरकारको स्रोतबाट प्रदान गरिने अनुदानमा संघीय सरकार/निकाय/आयोग,स्थानीय तह र प्रदेशका अन्य कुने निकयाबाट अनुदान नलिएको र नलिने प्रतिवद्धता पेश गर्नु पर्ने

(ञ) यस कार्यको लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिइएको स्व घोषणा पत्र ।

५. <u>विद्यालय</u> **छनोट सम्बन्धी मापदण्डः** दफा ४ (३) बमोजिमको शर्त पूरा गरी आवश्यक कागजात सहित प्रस्ताव पेस गर्ने सामुदायिक माध्यामिक विद्यालयहरुमध्ये शहरी क्षेत्रमा सेवा र ग्रामीण क्षेत्रमा कृषिलाई प्राथमिकतामा राखी विनियोजित बजेटको सीमा भित्र रही अनुसूची २ बमोजिमको मापदण्ड अनुसार उच्चतम प्राप्ताङ्कको आधारमा विद्यालयहरु छनोट गरिनेछ ।



बद्रीनाथ गैहे
प्रदेश सचिव

६. <u>विद्यालय छनोट समितिः</u> (१) कार्यक्रम सञ्चालनका लागि कार्यालयमा प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन र सिफारिस गर्न देहायबमोजिमको विद्यालय छनोट समिति रहनेछः-

(क) प्रमुख, सामाजिक विकास कार्यालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, सामाजिक विकास कार्यालय रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ –सदस्य

(ग) अधिकृत प्रतिनिधि, सामाजिक विकास कार्यालय रहेको जिल्लाको स्थानीय तहको शिक्षा शाखा/महाशाखा -सदस्य

(घ) लेखा अधिकृत कार्यालय -सदस्य

(ङ) योजना हेर्ने अधिकृत, कार्यालय –सदस्य-सचिव

(२) विद्यालय छनोट समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ ।

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

७. <u>विद्यालय छनोट समितिको काम, कर्तव्य र अधिकारः</u> (१) विद्यालय छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ४ बमोजिम कार्यक्रम कार्यान्वयनका लागि सूचना आह्वान गर्ने ।

(ख) दफा ६ बमोजिम विद्यालय छनोट् गरी अनुदान प्रदान गर्नको लागि कार्यालय समक्ष सिफारिस गर्ने ।

(ग) विद्यालयको छनोट गर्दा नमूना, आवसीय, विद्यालय बस परेका विद्यालयलाई छनोट नगर्ने ।

(घ) सिक्दै-कमाउदै, कमाउँदै-सिक्दै कार्यक्रमको प्रगति प्रतिवेदन र विभिन्न व्यक्ति तथा संस्थाहरुवाट प्राप्त अनुगमन प्रतिवेदनको अध्ययन गरी कार्यक्रमको प्रभावकारिता सम्बन्धी प्रतिवेदन तयार गरी कार्यालय समक्ष पेश गर्ने ।

८. <u>कार्यक्रमको सम्झौता एवम् अनुदान निकासाः</u> (१) दफा ६ बमोजिमको मापदण्ड पूरा गरी दफा ७ बमोजिमको समितिबाट छनोटका लागि सिफारिस भएका सम्बन्धित विद्यालयका प्रधानाध्यापक र कार्यालयबीच अनुसूची- ३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ ।

(२) सम्झौताको तीन प्रति तयार गरी एक प्रति सम्वन्धित शैक्षिक संस्थामा, एक प्रति सम्वन्धित पालिकामा र एक प्रति कार्यालयमा रहनेछ ।

(३) दफा ७ बमोजिम छनोट भई सम्झौता गरिएका विद्यालयलाई प्रति विद्यालय बढीमा रु. ६ लाख अनुदान प्रदान गर्न सकिनेछ। अन्य कुनै तह र निकायबाट यस कार्यका लागि दोहोरो सुविधि नलिएको प्रतिवद्धता वा स्वःघोषणा गरेको हुनु पर्नेछ।

(४) स्वीकृत अनुदान बजेटको बढीमा ५० प्रतिशत पहिलो किस्ता बापत र प्रगति प्रतिवेदनको आधारमा बाँकी रकम निकासा गरिनेछ ।

(५) अन्तिम किस्ता माग गर्दा प्रथम किस्ताको रकमबाट सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन, खर्चको बिल भरपाईको प्रतिलिपि र सम्झौतामा तोकिएको शर्त बमोजिम कार्य सम्पन्न भएको व्यहोरा सहितको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि र स्थानीय तहको सिफारिस लगायत अन्य आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ ।

(६) स्वीकृत भएको कार्यक्रम/परियोजना सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही सञ्चालन गर्नुपर्नेछ । योजनाको प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा अन्तिम किस्ता बापतको रकम निकासा हुने छैन। साथै निकासा भएको प्रथम किस्ता बापतको रकम समेत प्रचलित ब्याजदरमा लाग्ने ब्याजसहित फिर्ता गर्नुपर्नेछ ।

९. कार्यक्रमको दीगोपना र निरन्तरताः (१) सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रमको दीगोपना र निरन्तरताका लागि विद्यालयले आगामी दिनमा स्थानीय तहको सहमति लिइ कोषको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयमा स्थापना भएको सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कोषबाट विद्यालयले देहायनुसार खर्च गर्न गरी व्यवस्था गर्नुपर्नेछः

(क) उत्पादन तथा सेवा इकाई सञ्चालनका लागि विद्यालयको स्वामित्वमा रहेको वा भाडामा लिएको जग्गामा उत्पादनमूलक अस्थायी प्रकृतिको संरचना तयार गर्न,

(ख) उत्पादन तथा सेवा इकाईका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामान खरिद गर्न र कार्यस्थलसँग सम्बन्धित प्रयोगशाला वा वर्कसप स्थापना गर्न,

(ग) सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रमको उद्देश्य अनुरुप विद्यार्थीको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थीको आफ्नै जमिन वा गृह परिसरमा वस्तु उत्पादन गरी बिक्री वितरण गर्न,



बद्रीनाथ गैहे
प्रदेश सचिव

(घ) व्यवसायबाट प्राप्त आम्दानीको ६० प्रतिशत रकम कोषमा जम्मा गरी बाँकी ४० प्रतिशत रकम व्यवसायमा आवद्ध भएका शिक्षक/प्रशिक्षक र विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा एकमुष्ट उपलब्ध गराउन,

(घ) कोषको आम्दानीको १० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याण कार्यक्रममा खर्च गर्न,

(ङ) उपर्युक्त खण्ड (घ) बमोजिमको रकम खर्च गर्दा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, जनजांती, अपाङ्ग, अनाथ, विपन्न, जेहेन्दार तथा कार्यक्रम कोष सञ्चालक समितिले आवश्यक ठानेका बालबालिकाहरुलाई छात्रवृत्ति, स्टेसनरी, शैक्षिक सामग्री, दिवाखाजा लगायतका शैक्षिक सहायताका कार्यक्रमहरुमा खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी प्रकृतिका भौतिक पूर्वाधार/संरचना निर्माण गर्न, शिक्षकलाई तलब भत्ता उपलब्ध गराउन, विद्यालयको अन्य प्रयोजनका लागि खर्च गर्न नपाउने गरी व्यवस्था गर्नुपर्नेछ।

**१०. कोषमा रकम राख्न नपाइनेः** (१) **चालू आर्थिक वर्ष २०८१।०८२ मा प्रदेश सरकारबाट** सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रमको लागि प्रदान गरिने अनुदान रकम कोषमा राख्न पाइने छैन ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन क्षेत्र र क्रियाकलाप

११. कार्यक्रम क्षेत्रः- शैक्षिक संस्थाले देहाय बमोजिमका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन्:-

(क) कृषि तथा पशुपञ्छीमा आधारित कार्यक्रम,

(ख) इन्जिनिरिङ (सिभिल/इलेक्टिकल/कम्प्यूटर)

(ग) वन (जडिबुटी वनपैदावार) मा आधारित कार्यक्रम,

(घ) अटोमोबाइल

(ङ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित कार्यक्रम,

(च) निर्माणमा आधारित कार्यक्रम,

(छ) स्थानीय कला र प्रविधिमा आधारित कार्यक्रम,

(ज) विद्यालयले आवश्यकता महसुस गरी छनोट गरेको अन्य आयमूलक कार्यक्रमहरु



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

१२. <u>विद्यार्थी व्यावसायिक क्लब वा व्यावसायिक सिकाइ समूह:</u> कार्यक्रम लागु गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत विद्यार्थीबाट छानिएका विद्यार्थी भएको ९ देखि ११ सदस्यीय विद्यार्थी व्यावसायिक क्लब तथा व्यावसायिक सिकाइ समूह रहनेछ। क्लब वा व्यावसायिक सिकाइ समूहका सदस्यहरुले आफूमध्यबाट छानेको व्यक्ति क्लब वा समूहको अध्यक्ष हुनेछ ।

१३. <u>विद्यार्थी व्यावसायिक क्लब वा व्यावसायिक सिकाइ समूहको काम, कर्तव्य र अधिकार:</u> विद्यार्थी व्यवसायिक क्लब वा व्यवसायिक सिकाइ समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कार्यक्रमको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(ख) कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य, समन्वय र साझेदारी गर्ने,

(ग) कार्यक्रमको लागि उपयुक्त कार्यक्रम छनोट गर्ने,

(घ) कार्यक्रमको कार्ययोजना बनाई लागु गर्ने,

(ङ) कार्यक्रमको प्रोफाइल तयार गरी विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(च) अभिभावकहरुलाई सम्बन्धित कार्यक्रमको विषयमा अभिमुखीकरण गर्ने र समयसमयमा अभिभावकहरुसँग बैठक बसी कार्यक्रमको प्रगतिबारे जानकारी गराउने,

(छ) कार्यक्रमको प्रगति विवरण मासिक रुपमा विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ज) कोषबाट थप कार्यक्रम बिस्तार, विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम सञ्चालन गर्ने,

(झ) कोषको वार्षिक प्रगति प्रतिवेदन विद्यालय मार्फत निर्देशनालयमा पेश गर्ने,

(ञ) कार्यक्रम सञ्चालन गरेका अन्य विद्यालयहरुसँग असल अभ्यासको पारस्पारिक सिकाइ (mutual learning) को संयोजन गर्ने ।

## परिच्छेद-४

## सम्बद्ध निकायहरुको भूमिका

१४. <u>मन्त्रालयको भूमिका:</u> कार्यक्रम कार्यान्वयनंका लागि सामाजिक विकास मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गर्ने,

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(ग) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारसंग आवश्यक समन्वय गर्ने,



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

(घ) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) कार्यक्रमको प्रभावकारिता अभिवृद्धि लागि आवश्यक निर्णय गर्ने ।

१५. <u>स्थानीय तहको भूमिका:</u> कार्यक्रम कार्यान्वंयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ:

(क) उत्पादनमूलक कार्यमा प्रयोग हुनेगरी विद्यालयले निश्चित समयका लागि लिजमा जग्गा प्राप्त गर्न चाहेमा सहजीकरण गर्ने,

(ख) विद्यालयको उत्पादन तथा सेवा इकाईबाट सञ्चालित उत्पादनमूलक व्यवसायका लागि स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थ उपलब्ध गराउन सहजीकरण गर्ने,

(ग) स्थानीय तहभित्र खरिद बिक्री केन्द्र व्यवस्थापन गरी विद्यालयलाई आवश्यक पर्ने वस्तु खरिद र विद्यालयद्वारा उत्पादित वस्तुको बिक्री वितरणको लागि उपयुक्त वातावरण तयार गर्ने,

(घ) स्थानीय उद्योग वाणिज्य महासंघ लगायत व्यावसायिक संघ संस्थाहरुसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) स्थानीय तहमा कार्यरत राष्ट्रिय ,तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरसँग समन्वय गरी अन्य थप विद्यालयमा कार्यक्रम विस्तार गर्ने,

(च) विद्यालयमा सञ्चालित कार्यक्रमको विषय प्रकृतिको आधारमा संघीय एवं प्रदेश सरकारका विषयगत मन्त्रालयहरु तथा अन्तर स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयलाई आवश्यक पर्ने थप स्रोत साझेदारीका रुपमा व्यवस्था गर्ने,

(ज) कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने ।

१६. <u>शिक्षा विकास निर्देशनालयको भूमिका:</u> कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विकास निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछ:

(क) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सामाजिक विकास कार्यालय र विद्यालयलाई सहजीकरण गर्ने,



बद्रीनाथ गैरे
प्रदेश सचिव

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(ग) विद्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा मन्त्रालयमा पेस गर्ने,

(घ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१७. सामाजिक विकास कार्यालयको भूमिका:

(क) कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुसार सूचना प्रकाशन गरी विद्यालयबाट प्रस्ताव माग गर्ने,

(ख) प्राप्त प्रस्तावहरुलाई मूल्याङ्कन गर्ने/गराउने,

(ग) मूल्याङ्कन भएका प्रस्तावहरु प्राथमिकता सहित विद्यालय छनोट समितिमा पेस गर्ने,

(घ) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(च) विद्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा शिक्षा विकास निर्देशनालयमा पेस गर्ने,

(छ) शिक्षा विकास निर्देशनालय र मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१८. <u>विद्यालयको भूमिका:</u> कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) प्राप्त अनुदानको बजेट बाँडफाँड गरी उपयोगमा ल्याउने,

(ख) विद्यार्थीले उत्पादन गरेका खाद्यान्न, तरकारी, फलफूल, मासुजन्य पदार्थ, हस्तकलाका सामग्री र अन्य वस्तु तथा सेवालाई दिवा खाजाको रुपमा विद्यालयमा उपयोग गर्ने वा स्थानीय बजारमा बिक्री वितरण गर्न स्थानीय उद्योगी व्यवसायीहरुसँग आवश्यक समन्वय गर्ने,

(ग) उत्पादन तथा सेवा इकाईमा भएका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्ने, आवश्यक राय, सल्लाह र सुझाव दिने,

(घ) उत्पादन तथा सेवा इकाई सञ्चालनका क्रममा देखिएका समस्या तथा समाधानका विषयमा छलफल गरी आवश्यक निर्णय लिने,



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

(ङ) कार्यक्रमको मूलप्रवाहमा नआएका विद्यार्थीहरुद्वारा आफ्नै घर वा करेसाबारीमा उत्पादित वस्तुलाई समेत उत्पादन तथा सेवा इकाई मार्फत बिक्री वितरणको व्यवस्था मिलाई अध्ययनका लागि प्रोत्साहित गर्ने,

(च) वस्तु तथा सेवा उत्पादन गर्ने गरी विद्यालयको जग्गा र प्राप्त स्रोतलाई उपयोगमा ल्याउने,

(छ) स्थानीय तहका साथै अन्य सम्बद्ध निकायहरुसँग सहयोगका लागि समन्वय गर्ने,

(ज) विद्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उत्पादन तथा सेवा इकाईको स्थापना गर्ने,

(झ) विद्यार्थीले गरेको आम्दानीको निश्चित अंशबाट कोषवृद्धि योजना बनाई लागु गर्ने,

(ञ) व्यवसाय शुरुवात (Startup) तालिम सञ्चालन गर्ने,

(ट) खरिद बिक्री केन्द्र स्थापनाको लागि स्थानीय तहसँग सहकार्य गर्ने,

(ठ) वर्षभरिमा भएका कामको उपलब्धि समेटिएको प्रतिवेदन तयार गरी निर्देशनालयमा पठाउने ।

१९. <u>विद्यालयको प्रधानाध्यापकको भूमिका:</u> कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको प्रधानाध्यापकको भूमिका देहाय बमोजिम हुनेछः

(क) विद्यालयको व्यावसायिक योजना बनाई विद्यार्थीहरुको व्यावसायिक क्लव तथा व्यावसायिक सिकाइ समूह गठन गर्ने,

(ख) गठन भएका व्यावसायिक सिकाइ समूहलाई जिम्मेवारी बाँडफाँट सहित क्रियाशील बनाउने,

(ग) विद्यालयबाट तोकिएबमोजिमको समयमा पढाइसँगै उत्पादन तथा सेवा इकाई वा सोसँग सम्बन्धित गतिविधिमा विद्यार्थी परिचालन गर्ने,

(घ) आवश्यकता अनुसार उत्पादन तथा सेवा इकाई गठन गरी विद्यालयका शिक्षक/प्रशिक्षकहरु मध्येबाट इकाई संयोजक, उत्पादन प्रमुख र बजारीकरण प्रमुख तोकी नियमित प्रशिक्षण कार्यको अतिरिक्त उत्पादन तथा सेवा इकाईसँग सम्बन्धित कार्यहरु समेत गर्ने गरी जिम्मेवारी दिने,

(ङ) समय समयमा स्थानीय उद्योगी व्यवसायीसँग अन्तरक्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना लिई बजार प्रवर्धन गर्ने,

(च) व्यासायिक समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाब राख्ने, राख्न लगाउने,

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

(छ) कार्यक्रमलाई निरन्तरता प्रदान गर्न विद्यालयमा कोषको व्यवस्था गरी उक्त कोषबाट विद्यार्थीलाई सिक्दै कमाउँदै, कमाउँदै-सिक्दै गर्न बीउ पूँजी उपलब्ध गराउने,

(ज) विद्यार्थीको कार्यको नियमित अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्ने ।

२०. <u>शिक्षक तथा प्रशिक्षकको भूमिकाः</u> कार्यक्रम कार्यान्वयनका लागि शिक्षक तथा प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछः

(क) आफ्नो विषयमा सिकाइलाई उत्पादनसँग जोड्ने गरी पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धिका क्षेत्रमा प्रशिक्षण अभ्यास योजना तयार गरी कार्य गर्ने, गराउने,

(ख) पाठ्यक्रमसँग सम्बन्धित हुनेगरी परियोजना कार्यहरु गर्ने, गराउने र यस्ता परियोजना कार्यलाई प्रयोगात्मक मूल्याङ्कनसँग आवद्ध गर्ने,

(ग) विद्यालयले निर्धारण गरेको समयमा उत्पादन तथा सेवा इकाईमा आवद्ध विद्यार्थीलाई सो उत्पादन तथा सेवा इकाईमा सक्रिय रुपमा सहभागी हुन सहजीकरण गर्ने,

(घ) विद्यार्थीहरुलाई सिकाइ सामग्री सहित विभिन्न उपयोगी वस्तु तथा सेवा उत्पादन र बिक्री वितरणका लागि प्रोत्साहित गर्ने,

(ङ) विद्यार्थीलाई व्यावसायिक बनाउन सहयोग एवम् सहजीकरण गर्ने,

(च) विद्यार्थीहरुलाई वस्तु तथा सेवाको उत्पादन र बजारीकरणका लागि आवश्यक राय, सल्लाह र सुझाव दिने,

(छ) विद्यालय व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

२१. <u>विद्यार्थीको भूमिकाः</u> कार्यक्रम कार्यान्वयनका लागि विद्यार्थीको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा गठन भएको व्यावसायिक सिकाइ समूहमा आवद्ध रही विद्यालयबाट तोकिए बमोजिमको समयमा सिकाइसँगै उत्पादन तथा सेवा इकाई वा सोसँग सम्वन्धित गतिविधिमा संलग्न रही सक्रियताका साथ कार्य गर्ने,

(ख) विद्यालयमा सामूहिक तथा व्यक्तिगत व्यावसायिक योजना बनाई कार्यान्वयन गर्ने,

(ग) व्यावसायिक समूह बीचको आपसी समन्वयमा बाँडफाँट भएको जिम्मेवारी बहन गर्ने,

(घ) समय समयमा स्थानीय हाटबजार सञ्चालक, कृषक एवम् उद्योगी व्यवसायीहरुसँग भेटघाट, अन्तरक्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना सङ्कलन गर्ने,

(ङ) आ-आफ्नो समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाब राख्ने एवं सो कार्यका लागि विद्यालयलाई सहयोग गर्ने,



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

(च) आफू संलग्न रहेको व्यावसायिक परियोजना कार्यको प्रतिवेदन तयार गरी विद्यालयमा पेस गर्ने,

(छ) बेहानबेलुकाको समयमा आफ्नै घरजग्गामा समेत कृषिजन्य वस्तु उत्पादन गर्ने तथा विद्यालयमा वा विद्यालय मार्फत बजारमा बिक्री गर्ने ।

## परिच्छेद-५

## कार्यक्रमको अनुगमन, निरीक्षण र प्रतिवेदन

२२. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) विद्यालयले सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रमको सम्बन्धमा समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको लागि तपशिल बमोजिमको एक अनुगमन टोली गठन गर्नुपर्नेछः-

(क) सम्बन्धित वडाको अध्यक्ष - अध्यक्ष

(ख) सम्बन्धित पालिकाको शिक्षा हेर्ने प्रमुख - सदस्य

(ग) शिक्षक अभिभावक संघको अध्यक्ष - सदस्य

(२) अनुगमन टोलीले कार्यक्रमको अनुगमन गरी पेश गरेको प्रतिवेदन सम्बन्धित विद्यालयले सामाजिक विकास कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(३) मन्त्रालय, निर्देशनालयबाट समेत अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सकिनेछ ।

(४) सङ्घीय निकाय तथा अन्य सरोकारवाला निकायले अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

## परिच्छेद-६

## विविध

२३. **कार्यक्रमबाट खर्च हुने**: विनियोजन भएको बजेट मध्येबाट राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्ने र विद्यालयलाई अनुदान दिने कार्यमा खर्च गर्न सक्नेछ

२४. **उत्पादन तथा सेवा इकाई र खरिद बिक्री केन्द्र**: (१) विद्यालयले आवश्यकतानुसार सम्बन्धित प्रशिक्षक, व्यावसायिक समूहका विद्यार्थी समेत संलग्न राखी उत्पादन तथा सेवा इकाई गठन गर्नुपर्नेछ ।

(२) विद्यालयले आवश्यकता अनुसार उत्पादित सामाग्रीको बिक्री गर्ने समेतको प्रयोजनका लागि खरिद बिक्री केन्द्रको स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।



बद्रीनाथ गैरे
प्रदेश सचिव

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जसनसुकै कुरा लेखिएको भए तापनि विद्यालयले कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरु गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

२६. **वस्तु तथा सेवाको बिक्री मूल्य निर्धारणः** उत्पादन तथा सेवा इकाईबाट उत्पादित वस्तुहरुको बिक्री मूल्य निर्धारण गर्ने कार्यका लागि प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी वस्तुको स्थानीय उद्योग, व्यावसाय र उत्पादकसँगको समन्वयमा ब्राण्डिङ, बजारीकरण र मूल्य निर्धारण गर्न सकिनेछ ।

२७. **कार्यविधि संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा आर्थिक दायित्व पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

अनुसूची -१

(दफा ४(१) सँग सम्बन्धित)

<u>"सिक्दै-कामउँदै, कामउँदै-सिक्दै कार्यक्रममा अनुदान सहयोगका लागि विद्यालयले पेस गर्ने आवेदन फाराम</u>

१.विद्यालयको विवरण:

विद्यालयको नाम:.......................................................................................

विद्यालयको प्रकार: साधारण/प्राविधिक धार/टेक्स कार्यक्रम सञ्चालित विद्यालय

ठेगाना:

प्रदेश:..........................................  जिल्ला............................

स्थानीय तह:..................................  वडा नं............................

टोल : ........................................

फोन नं. : ....................................

इमेल : ..........................................  वेब साइट: ....................................

स्थापना मिति:................................ विद्यालयको IEMIS कोड : ............................

प्राविधिक शिक्षा सञ्चालन मिति : ............................

२.पूर्वाधार सम्बन्धी जानकारी

२.१ जग्गा सम्बन्धी विवरण

| क.सं. | कित्ता नं | क्षेत्रफल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |

२.२ भवन सम्बन्धी विवरण

| क.सं. | भवन संख्या | | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्की | | | | |
| २ | कच्ची | | | | |

२.३ यन्त्र उपकरण सम्बन्धी विवरण (प्राविधिक धारको कार्यक्रम सञ्चालित विद्यालयको हकमा)



बद्रीनाथ गौड
प्रदेश सचिव

| क्र.सं. | यन्त्र उपकरणको नाम | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रयोगमा रहेको | प्रयोगमा नरहेको | | |
| | | | प्रयोगमा ल्याउन सकिने | प्रयोगमा ल्याउन नसकिने | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

२.४ अस्थायी संरचना सम्बन्धी विवरण (पोखरी, टहरा, गोठ, कटेज, खोर, स्टल, वर्कसप आदि)

| क्र.सं. | विवरण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

द्रष्टव्यः विवरण अन्तरगत आवश्यकता अनुसार कोठा थप गर्न सकिनेछ ।

३.शिक्षक/प्रशिक्षक कर्मचारी सम्बन्धी विवरण

| क्र.सं. | नाम | तह/श्रेणी | शैक्षिक योग्यता | शिक्षण/प्रशिक्षण कार्यको अनुभव (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

४. विद्यार्थी सम्बन्धी विवरण (पछिल्लो दुई शैक्षिक सत्र)

| क्र. सं. | जम्मा विद्यार्थी विवरण | शैक्षिक सत्र...................... | शैक्षिक सत्र.......................... |
|---|---|---|---|



बद्रीनाथ गैहे
प्रदेश सचिव

| | | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी |
|---|---|---|---|---|---|
| १ | कक्षा १-५ | | | | |
| २ | कक्षा ६-८ | | | | |
| ३ | कक्षा ९-१२ साधारण धार | | | | |
| ४ | बाली विज्ञान | | | | |
| ५ | पशु विज्ञान | | | | |
| ६ | सिभिल इन्जिनियरिङ | | | | |
| ७ | कम्प्युटर इन्जिनियरिङ | | | | |
| ८ | इलेक्ट्रिकल इन्जिनियरिङ | | | | |
| ९ | विपन्न समुदायका | | | | |

५. देहायमा प्रत्येक शीर्षकहरुमा औचित्य सहितको विवरण प्रस्तुत गर्नु होला ।

(क) विद्यालयमा वस्तु उत्पादन तथा सेवा प्रदान गरी आय आर्जन गर्न सम्भव देखिएका पेशा तथा उपर्युक्त पेशामा उत्पादन गर्न सकिने वस्तु तथा सेवाको सूची ।

.......................................................................................................................

(ख) सिक्दै कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रममा सहभागी हुने विपन्न समुदायका विद्यार्थी तथा अन्य इच्छुक विद्यार्थीको विवरण, उनीहरुबाट उत्पादन हुनसक्ने वस्तु तथा सेवा र ती सामग्रीको बिक्री वितरणको सम्भाव्यता ।

(ग) उपर्युक्त वस्तु तथा सेवाको उत्पादन तथा बिक्रीका लागि आवश्यक भौतिक पूर्वाधार तथा उक्त पूर्वाधार निर्माण तथा संयोजन गर्ने योजना । (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि विज्ञता, भौतिक पूर्वाधार तथा औजार/उपकरण मध्ये विद्यालयमा उपलब्ध हुने, खरिद गर्नुपर्ने तथा लिजमा लिन सकिने सम्बन्धी खरिद गर्नुपर्ने भए सो अनुमानित लागत समेत खुल्नुपर्ने ।)

.......................................................................................................................

(घ) प्रस्तावित वस्तु तथा सेवाको उत्पादनको लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण । (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलब्ध हुने स्थान, प्राप्त गर्ने तरिका विद्यालयसम्म ल्याउने उपाय तथा लाग्ने अनुमानित खर्च समेत खुलाउनु पर्ने तथा उत्पादित वस्तु तथा सेवा बिक्रीका लागि गर्नुपर्ने

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

पहलहरु विद्यालयबाटै बिक्री हुने, बजारसम्म लानुपर्ने वा बजारको लागि बिशेष पहल गर्नुपर्ने विषय समेत खुलाएर बजार पहिचान तथा विश्लेषण गर्नुपर्ने)

.......................................................................................................................

ङ) उल्लिखित कार्यक्रमका लागि स्थानीय तह, स्थानीय समुदाय एवम् अभिभावकहरुबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय ।

६. प्रस्तावित कार्यक्रमका लागि अनुदान माग गरेको विषय क्षेत्र प्रष्ट खुल्ने गरी पूर्वाधार निर्माण वा सञ्चालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको अनुमान सहितको कार्य योजना आवेदनका साथ संलग्न राख्नु पर्नेछ ।

| | |
|---|---|
| नाम............................ | नाम............................ |
| हस्ताक्षर | हस्ताक्षर |
| पद : प्र.अ. | पद : वि.व्य.स. अध्यक्ष |
| मितिः............................ | मितिः............................ |

संलग्न कागजातः

(क) स्थानीय तहबाट कार्यक्रमका लागि आवश्यक सहयोगको प्रतिवद्धता, स्थानीय तहमा सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक फर्महरु भए नभएको खुल्ने गरी स्थानीय आवश्यकताको विश्लेषण सहितको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि,

(ख) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण,

(घ) विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा प्रयोग गर्ने भए सम्झौतापत्रको प्रतिलिपि,

(ङ) प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टी हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि,

(च) यस कार्यको लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिइएको विद्यालयको स्व घोषणा पत्र ।

छ) अन्य सम्वद्ध कागजातहरु ।

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

अनुसूची -२

(दफा ५(१) सँग सम्बन्धित)

विद्यालय छनोटका लागि मूल्याङ्कनका आधारहरु

१. कार्यसम्पादनसँग सम्बन्धित सूचकहरु : ३०

| आधारहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १.यस अघि पढ्दै कमाउँदै/एक विद्यालय एक उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन वा यस प्रकारको अभ्यास | भएको | ५ | नभएको | ० | | |
| २.प्रयोगात्मक अभ्यासको सिलसिलामा वस्तु तथा सेवाको परीक्षण उत्पादन | भएको | १० | नभएको | ० | | |
| ३.विद्यार्थी संख्या | शिक्षा नियमावलीमा तोकिएको न्यूनतम संख्या वा सो भन्दा बढी भए | ५ | शिक्षा नियमावलीमा तोकिएको न्यूनतम संख्या भन्दा न्यून भए | ३ | | |
| ४.सम्बन्धित विषयको प्रयोगशाला/कार्य/क्षेत्र/फिल्ड | भएको | १० | नभएको | ० | | |

२. पूर्वाधारसँग सम्बन्धित सूचकहरु : ४०

| सूचकहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १. उत्पादन तथा सेवा इकाई सञ्चालनका लागि पर्याप्त भवन वा कोठाको उपलब्धता | उपलब्ध भएको | १० | भाडामा लिएर व्यवस्थापन हुन सक्ने । | ७ | थप निर्माण गर्नु पर्ने | ५ |
| २.दरबन्दी वा अनुदान कोटाका शिक्षक प्रशिक्षकको उपलब्धता | पूर्ण उपलब्धता भएको | १० | पचहत्तर प्रतिशत उपलब्ध भएको | ७ | पचहत्तर प्रतिशत भन्दा कम सङ्ख्यामा उपलब्ध भएको | ५ |
| ३.उत्पादन तथा सेवा इकाई | पर्याप्त रुपमा | १० | भाडामा लिन | ७ | उपलब्ध हुन | ० |



बद्रीनाथ गौड
सचिव

| सूचकहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| सञ्चालनका लागि आवश्यक औजार तथा उपकरणहरु विद्यमान छ, छैन । छ भने प्रयोगको सम्भावना कतिको छ ? | उपलब्ध छ | | सम्भव छ | | नसक्ने | |
| ४.स्थानीय तह/ विद्यालयले लागत साझेदारीका लागि प्रतिवद्धता जनाएको नजनाएको | दुवैले जनाएको भए | १० | स्थानीयले मात्र जनाएको भए | ५ | नजनाएमा | ० |

३. बजारीकरणसँग सम्बन्धित सूचकहरु: २०

| सूचक | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क |
|---|---|---|---|---|---|---|
| १.उत्पादनको बिक्रीका लागि सम्भाव्य बजारको प्रकार | स्थानीय बजार | १० | अन्य बजार | ७ | | |
| २.उत्पादनको बजारीकरणको प्रकृति | इकाईबाट नै बिक्री हुने अवस्था रहेको | १० | बजारसम्म पुऱ्याउनु पर्ने | ३ | बजारका लागि विशेष पहल गर्नुपर्ने अवस्था | २ |

४. आवश्यकतासँग सम्बन्धित सूचकहरु: १०

| सूचक | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क |
|---|---|---|---|---|---|---|
| १.भौगोलिक तथा स्थानीय परिवेश सुहाउँदो (शहरी क्षेत्रमा सेवा र ग्रामीण क्षेत्रमा कृषि वा पशुलाई प्राथमिकतामा राखी) व्यावसायिक क्रियाकलाप सञ्चालन भएको अवस्था । | भएको | १० | आंशिक रहेको | ७ | पर्याप्त नरहेको | ५ |

द्रष्टव्य : सूचक अन्तर्गत उल्लेखित कुनै पनि अवस्था आकर्षित भएको/नभएको अवस्थामा शून्य अङ्क दिइनेछ ।

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

अनुसुची -३

(दफा ८(१) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

## सामाजिक विकास कार्यालय र कार्यक्रम सञ्चालन गर्ने विद्यालय बिच भएको सम्झौतापत्र

सामाजिक विकास कार्यालय,.............. (यसपछि प्रथम पक्ष भनिएको) र ..................... जिल्ला,............................ महानगर/उपमहानगर/नगर/गाउँपालिका ............ वडा नं. .......... मा सञ्चालित श्री ......................................... मा.वि., .................... विद्यालय (यसपछि द्वितीय पक्ष भनिएको) बिच सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम सञ्चालनका लागि तपसिलका सर्तहरू पालना गर्ने गरी यो सम्झौता गरी दियौं/लियौं ।

क. **प्रथम पक्षले पालना गर्नुपर्ने सर्तहरू :**

१. विद्यालयलाई प्रस्ताव अनुसारको सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम सञ्चालन गर्न दुई किस्तामा अधिकतम रू ................. /- (अक्षरूपी ................ मात्र) सम्म मात्र विद्यालयको खातामा तोकिए अनुसार अनुदान दिइनेछ ।

२. विद्यालयलाई कार्यक्रमको कुल बजेटको ५० प्रतिशतले हुन आउने रकम सम्झौता पश्चात् विद्यालयको खातामा निकासा दिइनेछ। बाँकी ५० प्रतिशतसम्मको रकम बिल भरपाईबमोजिम कार्य सम्पन्न गरेपछि सम्बन्धित विद्यालयको खातामा निकासा दिइनेछ ।

३. दोस्रो पक्षले तोकिएको सर्तअनुसारको प्रकृया पूरा गरी कागजात पेस गरेपछि प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा दिनेछ ।

४. दोस्रो पक्षले तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुने छैन र पहिले निकासा भएको ५० प्रतिशत रकम कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

५. सम्झौता विपरीत कार्य गरेको पाइएमा, कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गरी दोस्रो पक्षलाई दिइएको अनुदान रकम सरकारी बाँकीसरह असुल उपर गर्नेछ ।

ख. **दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरू:**

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

१. विद्यालयले ..................................भित्र कार्य सम्पन्न गरी दोस्रो किस्ता माग गर्न आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नु पर्नेछ ।

२. विद्यालयले कामको सम्झौता भए पश्चात कार्य प्रारम्भ गर्नु पर्नेछ ।

३. विद्यालयले बजेटको सिमाभित्र रही सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने पूँजीगत प्रकृतिका सामग्रीहरु सम्बन्धित विषयका प्राविधिकबाट तयार गर्न र आयआर्जन हुने खालका पूर्वाधार निर्माण गर्न स्थानीय तहका प्राविधिकबाट तयार गर्न लगाई व्यवस्थापन समितिबाट अनुमोदन गराई खरिद तथा निर्माण गर्नु पर्नेछ ।

४. विद्यालयले कार्यक्रम सञ्चालन गर्दा प्रथम पक्षबाट निकासा भएको रकम नपुग हुन गएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी विद्यालयकै हुनेछ ।

५. विद्यालयले कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण कामको रकम कार्य सम्पन्न प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

६. विद्यालयले सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा २१(१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ । उक्त समितिले सो कार्यको रेखदेख अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

७. सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरूबाट समेत अनुगमन/निरीक्षण हुन सक्ने हुँदा विद्यालयले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र खोजेको बेला देखाउन सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक निर्माण तथा खरिदसम्बन्धी प्रचलित ऐन, निमय (संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधि अनुसार गर्नु गराउनु पर्नेछ ।

९. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्यसमेत स्वतः विद्यालयको नै हुनेछ ।

१०. अन्तिम किस्ता माग गर्दा निम्न कागजातहरू लिई आउनु पर्नेछ :

क. सम्झौताअनुसार कार्य सम्पन्न भई शिक्षकहरूको स्टाफ बैठकले ..............................विषयका सामाग्रीहरु खरिद भएको/पूर्वाधार निर्माण भई व्यवस्थापन भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि,

ख. संस्था/कम्पनीले पेश गरेको कोटेशनहरुको प्रतिलिपि र मूल्याङ्कन तालिका,



बद्रीनाथ
प्रदेश सचिव

ग. विद्यालय व्यवस्थापन समितिबाट लागत अनुमान स्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार व्यवस्थापन समेत भएको भन्ने निर्णय, अनुगमन समितिको प्रतिवेदन र समष्टित प्रतिवेदन,

घ. प्रध्यानाध्यापकबाट प्रमाणित बिल भरपाईको प्रतिलिपि,

ङ. निर्माण तथा खरिद गरी प्रयोग गरिएका सामानको फोटोहरू,

च. सामान खरिदको हकमा जिन्सी दाखिला र दाखिला प्रतिवेदन,

छ. कार्य सम्पन्न भएको र अन्तिम किस्ता भुक्तानी दिनु भनी सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।

## सम्झौता गर्ने व्यक्तिहरू

| पहिलो पक्षः सामाजिक विकास कार्यालय तर्फबाटः | दोस्रो पक्षः विद्यालयको तर्फबाटः |
|---|---|
| १. कार्यालय प्रमुखको नामः | १. व्यवस्थापन समितिको अध्यक्षको नामः |
| हस्ताक्षरः ........................ | हस्ताक्षर ........................ |
| २. योजना हेर्ने अधिकृतको नामः | २. प्रधानाध्यापकको नामः |
| हस्ताक्षरः ........................ | हस्ताक्षरः ........................ |

सम्झौता भएको मितिः २०८१/ /

बद्रीनाथ गैहे
प्रदेश सचिव